Nepal Academy of Fine Art's Journal
LALITKALA PRAGYA
Vol. 02, No. 02, Janaury, 2026, 79-97

ISSN : 3059-9636 (Print)

# सामा चकेवाको सौन्दर्य बोध

**सुबोध चन्द्र दास (एससी सुमन)**[१]
sdaskayastha@gmail.com

| | | |
|---|---|---|
| लेख प्राप्त मिति : 26 Aug 2025 | संरचनागत परीक्षण गर्ने विज्ञ : श्री माधव ढुङ्गेल | संशोधित लेख प्राप्त मिति : 6 Nov 2025 |
| गुणवत्ता परीक्षण गर्ने विज्ञ : श्री प्रदिप अधिकारी | संशोधित लेख प्राप्त मिति : 10 Dec 2025 | लेख स्वीकृत मिति : 10 Dec 2025 |

## शोधसार

*सामा चकेवासँग सम्बन्धित यस अध्ययनले मिथिला क्षेत्रमा मनाइने सामा चकेवा पर्वमा प्रयोग हुने कलाकृतिको सौन्दर्यपरक व्याख्या र विश्लेषण गरेको छ । सामा चकेवामा विद्यमान सौन्दर्यको बोधका लागि यस लेखले सामाजिक सांस्कृतिक, प्रस्तुतिमूलक तथा प्रतीकात्मक आयामलाई आधार बनाएको छ । यिनै तीन आयामबाट सामा चकेवाभित्रको सौन्दर्यको खोजी गर्ने काम यस अध्ययनमा भएको छ । त्यसका लागि आवश्यक पर्ने जानकारीमूलक सामग्रीहरू मूलतः भौतिक र विद्युतीय पुस्तकालयहरूबाट सङ्कलन गरिएको छ भने सामग्रीहरूको विश्लेषणका लागि साक्ष्यमा आधारित गुणात्मक विधि अपनाइएको छ । यस लेखको मुख्य उद्देश्य सामा चकेवामा निहित सौन्दर्यको खोजी गर्नु हो । त्यसका लागि सामा चकेवासँग गाँसिएको मिथक वा लोककथा, पर्व मनाउने विधि वा प्रक्रिया र त्यस अवसरमा निर्माण र प्रयोग गरिने कलाकृतिहरूको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा सामा चकेवामा निहित सौन्दर्यबोधलाई सामाजिक-सांस्कृतिक, प्रस्तुतिमूलक तथा प्रतीकात्मक पक्षहरूबाट विश्लेषण गरिएको छ । सामाजिक सांस्कृतिक पक्ष अन्तर्गत सामूहिकता, जीवन्तता, लैङ्गिकता, व्यावहारिकता, नातासम्बन्ध र जिम्मेदारीमाथि केन्द्रित भई सौन्दर्यको खोजी गरिएको छ भने प्रस्तुतिमूलक कलाका रूपमा यसको विश्लेषण गर्दा यसभित्र समेटिएका नाचगान, मूर्तिकला, अरिपन र लोकनाट्यको सहअस्तित्वलाई खोजिएको छ । प्रतीकात्मक सौन्दर्यको खोजी गर्ने क्रममा पात्र तथा रङ्गीन मूर्तिहरूले अभिव्यक्त गर्ने अर्थको पहिचान गरिएको छ । यस अध्ययनले मैथिल लोककला र अनुष्ठानहरूको सौन्दर्यात्मक पक्षलाई थप गहिराइमा बोध गर्नका लागि आधार प्रदान गर्दछ । यस लेखले मैथिली लोककला वा संस्कृति सम्बन्धी भविष्यमा गरिने अनुसन्धानका लागि महत्त्वपूर्ण आधारहरू प्रदान गरेको छ । नेपाल र भारत दुवै देशको साझा संस्कृतिका रूपमा रहेको सामा चकेवाको सौन्दर्य पक्षलाई पर्गेल्ने काम गरिएको यस लेखले दुवै देशका लोक कला र लोक संस्कृतिका क्षेत्रमा जिज्ञासा राख्ने हरेक जिज्ञासु पाठक, अध्येता, अनुसन्धाता, प्राध्यापक, शोधार्थी लगायतलाई नेपाली भाषाको महत्त्वपूर्ण सामग्रीका रूपमा प्राज्ञिक योगदान गर्ने अपेक्षा गरिएको छ ।*

## शब्दकुञ्जी

मिथिला संस्कृति, मिथिला लोककला, लोकमूर्तिकला, लोकनाट्य, महिलाको कला

## परिचय

सामा-चकेवा मैथिली संस्कृतिको महत्त्वपूर्ण पर्व हो । यस पर्वमा अरिपन जस्ता चित्रकलादेखि मूर्तिकला, गायन कला

१ प्राज्ञ एवं कलाअनुसन्धाता

र नाट्यकलासम्मको एकीकृत समायोजन हुने हुँदा यो पर्व सामान्य पर्व मात्रै नभई विभिन्न कलाहरूको महोत्सव पनि हो। दाजुभाइ र दिदीबहिनीका बिचको आपसी प्रेम, समर्पण र एकताको प्रतीकका रूपमा यस पर्वलाई मिथिला क्षेत्रमा छठको एक दिन अगाडि कार्तिक महिनाको कृष्ण पञ्चमीदेखि सोही महिनाको पूर्णिमासम्म दश दिन लगाएर खेलिन्छ। आफ्ना दाजुभाइले खनेर ल्याएको माटोबाट सामा, चकेवा, वृन्दावन, चुगला लगायतका मूर्तिहरू बनाई तिनलाई दिनदिनै नयाँ कपडा र गहनाले सजाएर साँझमा युवतीहरू गोलाकार बसेर सामूहिक गीत गाउँदै यो पर्व मनाउँछन्। दिदीबहिनीहरूले आफ्ना दाजुभाइहरूको शौर्यवृद्धि र दीर्घायुको कामना गर्दै सामा खेल्छन्। दाजुभाइ र दिदीबहिनीका बिचको सुमधुर सम्बन्ध दर्साउने यस पर्वको इतिहास निकै लामो छ। मैथिल अग्रज तथा विद्वानूहरूका अनुसार यो पर्व करिब पाँच हजार वर्षपहिले द्वापर युगदेखि सुरु भएको विश्वास गरिन्छ (रासस, शिलापत्र अनलाइन, २०८१)। कार्तिक पूर्णिमाका दिन पर्वको अन्तिम दिन भएकाले यस दिनमा गाउँका युवतीहरू नयाँ वस्त्रमा सजिएर सामा र चकेवाको विसर्जनमा जान्छन्।

गाउँका युवतीहरू समूहमा जम्मा भएर उत्सवका रूपमा सामा चकेवालाई मनाउने गर्छन्। यो पर्व मनाउनका लागि विवाह गरेर पतिका घर गएका महिलाहरू पनि माइत आउँछन् र माइतीका साथै आफ्ना समवयी सँगीहरूसँग भेटघाट गर्ने, भलाकुसारी गर्ने, दुःखसुख साटासाट गर्छन्। यस पर्वले सामूहिक एकता र मेलमिलापको अवसर प्रदान गर्छ। यसले समाजमा नैतिकता, धर्म र आदर्शको शिक्षा दिन्छ। यस पर्वले परिवारमा दिदीबहिनीको महत्त्व र भूमिकालाई स्थापित गरेको छ। चोकचोकमा अरूका दिदीबहिनीले सामाका गीत गाएर आफ्ना दाजुभाइको शौर्य बखान गरेको सुन्दा दिदीबहिनी नहुने दाजुभाइहरूलाई उनीहरूको अभाव खड्किन्छ। पर्वको अन्तिम दिन कार्तिक पूर्णिमामा दाजुभाइका हातबाट सामाका आकृति फुटाउन लगाएर जोतिएको खेत वा निर्जन वनमा गाडेपछि पर्व समापन हुन्छ। यस अवसरमा दाजुभाइले गच्छे अनुसार दिदीबहिनीलाई वस्त्र र नगद दक्षिणा दिने चलन छ।

सामा चकेवा कलाकर्म पनि हो। बाँसले बनाइएको डलिया वा चङ्गेरामा माटाका सजिसजाउ भएका रङ्गीचङ्गी सामा, चकेवा, चुगला लगायतका आकृति बनाई दियो बालेर चोक वा टोलगल्लीका सडकहरूमा प्रत्येक साँझदेखि मध्यरातसम्म समूहबद्ध भई गीत गाउँदै बडो उत्सवमय वातावरणमा सामा चकेवा खेल्ने गरिन्छ। खेल्ने क्रममा महिलाहरूले खलपात्रका रूपमा रहेको चुगलाको मूर्तिमा टाँसिएको दाह्री र जुँगालाई प्रत्येक दिन बलेको दियोमा डढाउँछन् र त्यस चुगलाको प्रतिमालाई कुटेपिटेझैँ गर्छन्। मूर्तिकला, चित्रकला, गायनकला र अभिनयकलाको समग्रताका रूपमा यो कलाकर्म प्रस्तुतिमूलक कला वा लोकनाट्यका रूपमा जीवन्त रहिआएको छ। लक्ष्मी चौधरीका विचारमा "मिथिलाञ्चलको प्राचीन सामाजिक, पारिवारिक संस्कार र परम्परालाई इङ्गित गर्ने यो पर्व लोकनाट्यको एउटा रूप हो, जसमा महिला सूत्रधार र पात्रमा माटोका मानव, पशु र चराको आकृति हुन्छन् (चौधरी, गोरखापत्र अनलाइन, २०८०)।"

सामा-चकेवाको दृश्यात्मकता एउटा जटिल र समृद्ध दृश्य भाषा पनि हो जसले मिथिला सभ्यताको सम्पूर्ण सांस्कृतिक स्वत्वलाई आफूमा समेटेको छ। यसमा प्रयोग हुने रङ, रेखा, आकार र आकृतिहरूको प्रयोग केवल कलात्मक अभिव्यक्ति मात्र नभई सामूहिक सांस्कृतिक अभ्यास पनि हुन्। यस अभ्यासले मिथिला क्षेत्रको एउटा जीवित सांस्कृतिक परम्परा निर्माण गरेको छ र आफ्नो मौलिकताको संरक्षण गर्दै प्रत्येक पुस्तासँगै नित्य विकसित हुँदै आएको छ। यसबाट सामाजिक सम्बन्ध, दार्शनिक चिन्तन र ऐतिहासिक सांस्कृतिक विरासत कथ्यका साथै दृश्य भाषाका रूपमा अभिव्यक्त हुन्छ। शब्दहरूले व्यक्त गर्न सक्ने भाव र संवेदनाहरू शब्दबाट व्यक्त भएका छन् भने शब्दबाट व्यक्त हुन नसक्ने भाव र संवेदनाका लागि यसको दृश्यात्मकता छ। सामूहिक सांस्कृतिक अनुभूतिको गहिराइलाई यसमा प्रयोग हुने रङ, रेखा र आकारहरूले पनि उत्तिकै सामर्थ्यका साथ व्यक्त गरेका छन्। यसरी हेर्दा चाडपर्वका रूपमा मात्रै नभई लोकनाट्यका

रूपमा, लोकमूर्तिकलाका रूपमा, गत्यात्मक दृश्यभाषाका रूपमा अनि अरिपन र लोकगीतकै रूपमा पनि सामा चकेवा सौन्दर्यमूल्यका दृष्टिले उत्तिकै धनी छ। सामा चकेवामा निहित सोही सौन्दर्य मूल्यलाई विभिन्न आयामबाट बोध गर्ने प्रयास यस लेखमा भएको छ।

## पूर्वकार्यको समीक्षा

सामा चकेवा पर्वका विषयमा थुप्रै परिचयात्मक र वर्णनात्मक लेखहरू नेपाली भाषामा उपलब्ध छन्। यस्ता लेखहरू विशेष गरी सामा चकेवाको परम्परागत महत्त्व, यसको धार्मिक र सामाजिक पक्षहरूलाई केन्द्रमा राखेर लेखिएका छन्। यसलाई विषय बनाई लेखिएका केही महत्त्वपूर्ण सामग्रीहरूलाई कालक्रमिक आधारमा यहाँ पूर्वकार्यका रूपमा चर्चा र समीक्षा गरिएको छ।

रामदयाल राकेश (२०४६) ले **नेपाली संस्कृति** त्रैमासिक पत्रिकाको 'सामा चकेवा' शीर्षकको लेखमा सामा चकेवाका दुई ओटा मिथकीय कथा र यसको प्रारम्भका बारेमा उल्लेख गर्दै कृष्ण भगवान्को निर्देशन बमोजिम साम्बले नगरका नारीहरूलाई निर्देशन दिएर सामा चकेवा पर्व सुरु भएको बताएका छन्। यस लेखमा सामा चकेवा मनाइने विधिहरूको सामान्य चर्चा गर्दै मैथिली भाषामा यस पर्वमा गाइने गीतका नमुनाहरू दिइएको छ। लेखमा प्रारम्भिक सूचनाहरू छन् तर विश्लेषण गरिएको छैन।

कोरलिन डेभिस (सन् २००५) ले *एसियाली लोककथा अध्ययन* पुस्तकको 'सुन, रामकी पत्नी : सामा चकेवा पर्वमा मैथिल महिलाका दृष्टिकोण र प्रथाहरू' शीर्षकको अनुसन्धानात्मक लेखमा पश्चिमा नारीवादी दृष्टिकोणका आधारमा सामा चकेवाको अध्ययन विश्लेषण गर्दै लिङ्गीय विभाजयुक्त मैथिल समाजमा यसले मैथिल महिलाहरूको सांस्कृतिक विषयवस्तु, नैतिक ढाँचा र आत्म निर्माणका क्रमहरू बुझ्न सघाउने बताएकी छन्। यस पर्वको मर्मलाई बुझ्न पश्चिमा महिलावादी दृष्टि पर्याप्त नभएको भन्दै उनले यहाँको समाजमा महिलाहरूले सम्बन्धको संसार धानेको र पुरुषहरूले कानुनको संसार चलाएका कारण यी दुईका बिच आपसमा हुने वार्ता र सन्धिहरूले पारस्परिक निष्ठा र निर्भरता सिर्जना गरेको निष्कर्ष निकालेकी छन्। त्यसैले कलात्मक सौन्दर्यको चर्चा यहाँ खासै छैन। सामा चकेवालाई खेल वा अनुष्ठान के हो भन्ने सन्दर्भमा विश्लेषण गर्दै उनले यो अनुष्ठान हुँदाहुँदै पनि यहाँको धार्मिक सांस्कृतिक विशिष्टताका कारण यसको कथालाई दैविक वा पवित्र खेलको प्रतीकका रूपमा निरूपण गरेकी छन्। यसको अर्थ के हो भने पर्व वा अनुष्ठान हुँदाहुँदै यो आफैँमा एउटा विविधतायुक्त कलाकृतिहरूको समग्र महोत्सव पनि हो।

दीप नारायण ठाकुर (सन् २०१७) ले मैथिली भाषाको पुस्तक 'मिथिलाक सांस्कृतिक अनुशीलन'मा सामा चकेवाको मिथकीय सन्दर्भको परिचय दिँदै सामा चकेवामा गाइने केही गीतांशका साथमा यो पर्व मनाउने विधिका बारेमा प्रकाश पारेका छन्। यो पुस्तक सामा चकेवाका साक्ष्यहरूका लागि केही सहयोगी छ। पुस्तकले मिथिला संस्कृतिलाई चिनाउने क्रममा सामा चकेवा पर्वको सामान्य विवरण वा वर्णन गरिएको छ, विश्लेषण गरिएको छैन।

हिमांशु चौधरी (२०७६ कात्तिक १३) ले *अनलाइन खबर* पोर्टलमा 'यस्तो छ सामा-चकेवा पर्वको पौराणिक कथा र महत्त्व' शीर्षकको लेखमा सामा चकेवालाई दिदीबहिनीद्वारा दाजुभाइको दीर्घायु, आरोग्य र ऐश्वर्य प्राप्तिको कामना गरिने पर्वका रूपमा चिनाउँदै मिथिलाञ्चलको प्राचीन सामाजिक, पारिवारिक संस्कार र परम्परालाई इङ्गित गर्ने यो पर्व लोकनाट्यको एउटा रूप भएको जसमा महिला सूत्रधार र पात्रमा माटाका मानव, पशु र चराका आकृति हुने बताएका छन्। यस लेखमा सामा चकेवाको प्रचलन प्राचीन कालेदेखि रहेको तथा पद्म पुराण र स्कन्द पुराणमा यसको चर्चा गरिएको बताउँदै भाइको वीरता, उदारता र प्रशंसाको वर्णन, बहिनीको अद्भूत भ्रातृत्व प्रेमको चित्रण, चुक्ली गर्नेहरूको प्रतीक चुगला प्रवृत्तिको निन्दा, सामाको ससुराल जाने प्रसङ्गको मार्मिक क्षण जस्ता गीति संवाद र अभिव्यक्तिको

छोटा कथातत्त्व बोकेको गीति संरचना रहेको भनिएको छ। पर्वमा गाइने गीतका नमुनाहरूसमेत प्रस्तुत गरिएको यस लेखले सामा चकेवालाई मावन मात्र नभई घरपरिवारमा रहने चरा, कुकुर, वनतितर र जङ्गली जीवनको अद्भुत समन्वय पाइने, डोरीबाट नभई हाटबाटै कठपुतली नृत्यको आभास दिने तथा लोकधुनका आधारमा महिला सूत्रधारले जीवनका गाथा गाउने कुराको उल्लेख गरिएको छ। यो लेख पनि विश्लेषणात्मक नभई सूचनात्मक मात्रै छ। रामभरोस कापडि भ्रमर (२०८०, मंसिर १) ले *नागरिक दैनिक* पत्रिकामा 'लोकनिष्ठाको पर्व : सामा-चकेवा' शीर्षकको लेखमा सामा चकेवालाई लोक गीतिनाट्यका रूपमा चित्रण गर्दै यसले हातबाट सञ्चालित कठपुतली नृत्यको आभास दिन्छ भनिएको छ। लेखका अनुसार महिलाहरूले सूत्रधारका रूपमा जीवनका गाथाहरू लोक धुनका आधारमा गाउँदै माटाका मूर्तिरूपी पात्रहरूलाई अभिनय गराउने हुँदा यो लोकनाट्य अद्भुत, अपूर्व र विशिष्ट शैलीको बन्दछ। लेखमा सामा चकेवामा प्रतीकात्मक अभिव्यक्ति भएको बताइएको छ।

उल्लेख गरिएका सामग्रीहरूले आंशिक रूपमा मात्रै भए पनि सामा चकेवाको सौन्दर्य परम्परालाई छोएका छन्। यी बाहेक सामा चकेवाका बारेमा समाचारहरू चाहिँ प्रशस्तै लेखिएका छन् तर तिनमा कहिले यो पर्व कसरी मनाइन्छ भन्ने बारेमा गरिएको सामान्य चर्चाभन्दा बढी केही छैन। गोरखापत्र, कान्तिपुर, सेतोपाटी, रातोपाटी, शिरीष न्युज, अर्थ डबली, सफल खबर, जनकपुर टुडे, सीमा सन्देश दैनिक, साहरा टाइम्स, मुलुक टाइम्स, खरीबोट, मधेस पत्र, सौर्य, नेपाल पोस्ट, हिमालय टाइम्स, मकालु खबर, वीरगन्ज सञ्जाल, टाइम्स अफ प्रदेश, सगुन खबर, नेपाल माला, इन्भेस्टो पेपर, अर्थ रोजगार, नेपाल खोज, एनएमबी न्युज, सेतोखरी, फरक दृष्टि, सञ्चार ब्युरो, जागरण सञ्चार, सजिलो पोस्ट, नागरिक मिरर, मधेस भ्युज, प्रभाव अनलाइन, काठमाडौँ एक्सप्रेस, परिवर्तन खबर, फरक धार, दृश्य टिभी, लुम्बिनी सञ्चार, हाम्रो पात्रो, बिआरटी नेपाल, सञ्चारकर्मी, नेपाल आज, देश सञ्चार, अठोट खबर, क्यानडा नेपाल, लोक आवाज जस्ता सञ्चार माध्यम तथा समाचारहरूमा नयाँ सूचना केही छैन, यी तिन ओटा लेखकै पुनारावृत्ति ती समाचारहरूमा पनि पाइन्छ। सामा चकेवामाथि नै केन्द्रित भएर नेपाली भाषामा आजसम्म कुनै शोधकार्यहरू भएका छैनन् न त पुस्तकहरू नै प्रकाशित छन्। विषयको गरिमा र महत्त्व प्रशस्त हुँदाहुँदै पनि सामा चकेवामाथि गम्भीर प्रकृतिको प्राज्ञिक अध्ययन विश्लेषणको अभाव देखिएको छ।

## समस्या कथन

मिथिला क्षेत्रको लोकसाहित्य र सांस्कृतिक जीवनमा सामा चकेवा पर्व र उक्त पर्वसँग अभिन्न रहेको कलाकर्मको स्थान विशिष्ट छ। सामा चकेवालाई लोकनाट्य र कटपुतली खेलका रूपमा पहिचान दिन सुरु गरिएको सन्दर्भ पूर्वकार्यको समीक्षाबाट ज्ञात हुन्छ तथापि यसको सौन्दर्यात्मक आयाम त्यतिमा मात्रै सीमित छैन। लोकमूर्तिकला र भूमिचित्र अरिपन पनि यसका महत्त्वपूर्ण र अझ प्रमुख कलात्मक क्षेत्र हुन् जसको सौन्दर्य र यसको सामाजिक-सांस्कृतिक महत्त्वबारे चर्चा र अध्ययनहरू भएका छैनन्। सामा चकेवालाई पर्वका रूपमा मनाउने बारे चर्चाहरू भएका छन् तर यसमा निहित सौन्दर्यबोधको विश्लेषण गर्ने कार्य भएको छैन। त्यसैले सामा चकेवाको सौन्दर्यबोधका लागि विशेष गरी यसका सामाजिक-सांस्कृतिक, प्रस्तुतिमूलक र प्रतीकात्मक आयामहहरूलाई आधार बनाई अध्ययन गर्न सकिन्छ। यसका लागि प्रस्तुत शोधकार्यमा निम्न प्रश्नहरूलाई समस्या कथनका रूपमा लिइएको छ :

क) सामा चकेवामा विद्यमान सामाजिक-सांस्कृतिक सौन्दर्य के कस्तो छ ?

ख) सामा चकेवामा प्रस्तुतीमूलक कलाको सौन्दर्य कसरी प्रकट हुन्छ ?

ग) सामा चकेवामा प्रयोग भएका प्रतीकहरूले के कस्ता अर्थहरू व्यक्त गर्छन् ?

## सामग्री सङ्कलन तथा विश्लेषण विधि

प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलनका लागि मूलतः स्वाध्याय विधि अपनाइएको छ। यस विधि अन्तर्गत रहेर आवश्यकता अनुसार नेपाली, मैथिली, हिन्दी तथा अङ्ग्रेजी भाषाका डिजिटल तथा साकार पुस्तक, पत्रपत्रिका, रिपोर्टिङ, रिल र ब्लगहरूको उपयोग गरिएको छ। शोधकर्ता स्वयम् पनि सोही सांस्कृतिक परम्पराभित्रको रहेको हुनाले उसका आजसम्मका स्थलगत अवलोकन, अनुभव र अनुभूति, उसले सुनेका कहावत र लोकविश्वासहरूलाई पनि सामग्री सङ्कलनको आधार बनाइएको छ। विशेषतः भौतिक वा विद्युतीय पुस्तकालय र शोधकर्ताका क्षेत्रगत अनुभवलाई आधार बनाई सङ्कलन गरिएका सामग्रीहरूको विश्लेषणका लागि आवश्यकता र औचित्यका आधारमा सामग्री विश्लेषणका लागि एकभन्दा बढी विधिहरू अपनाइएको छ। जम्मा गरिएका सामग्रीहरूको मुख्य आशय वा अर्थ र महत्त्वलाई पहिचान गर्नका लागि विषय विश्लेषण विधि अपनाइएको छ भने कुन कुन निर्माण सामग्रीहरू के कति मात्रा र अनुपातमा प्रयोग भएका छन्, तिनीहरूको स्रोत के हुन भनी पहिचानका लागि वस्तुगत सामग्री विश्लेषण विधि उपयोग गरिएको छ। सामा चकेवामा प्रयुक्त दृश्य तथा कथ्य प्रतीकहरूले अभिव्यक्त गर्ने सन्दर्भहरूको धार्मिक, आध्यात्मिक तथा दार्शनिक अर्थ पहिचानका लागि र तिनीहरूको वैचारिक, दार्शनिक अर्थको निरूपणका लागि प्रतीक विश्लेषणको विधि अपनाइएको छ। त्यसै गरी प्रस्तुतिमूलक कलाका रूपमा गायन, नृत्य, सामूहिकता, अनुष्ठान आदि अनेक कोणबाट प्रकट भएको सौन्दर्यको पहिचानका लागि सौन्दर्यपरक विश्लेषणको विधि अपनाइएको छ अनि यसले समाजलाई पारेका प्रभावहरूको लेखाजोखा गर्ने, आधुनिकताका क्रममा यसले समाजबाट ग्रहण गरेका प्रभाव र यसमा आएका विभिन्न स्तरका परिवर्तनहरूको खोजी गर्ने तथा महिलाको कोणबाट हेरेर यस कलाको समसायिक उपादेयता तथा महत्त्व पत्ता लगाउनका लागि सामाजिक सांस्कृतिक विश्लेषणको विधि उपयोग गरिएको छ। यी सबै विधिहरू गुणात्मक किसिमका रहेका छन्।

## साक्ष्यहरू र तिनको विश्लेषण

साक्ष्यहरूको विश्लेषणका लागि सुरुमा मिथकीय सन्दर्भ र पर्वको विधि वा प्रक्रिया गरी दुई साक्ष्यलाई स्थापना गरी साक्ष्यहरूका आधारमा सामा चकेवा पर्वमा प्रयुक्त कलाकर्मको सामाजिक सांस्कृतिक आयाम, प्रस्तुतिमूलक कलाको आयाम र प्रतीकात्मक आयामको विश्लेषण गरी सौन्दर्यबोधलाई पहिचान गर्नु उचित हुन्छ।

### मिथकीय सन्दर्भ

मैथिल लोकपरम्पराका अनुसार द्वापर युगमा भगवान कृष्णका दुइटा सन्तान थिए। छोराको नाम साम्ब र छोरीको नाम सामा (श्यामा) थियो। सामा तरुनी भएपछि ऋषिका रूपमा रहेका चकेवा (चारुवक्य) सँग प्रेम गर्न थालिन्। भेटघाट र प्रेमालापका लागि वृन्दावन जान थालिन्। यो कुरा चुगिलाले थाहा पाउँछ। उसले सामा र चकेवाको प्रेम रहेको कुरा सामाका बाबु कृष्णलाई सुनाइदिन्छ। कृष्णले छोरीलाई बोलाई रिसको झोँकमा तिमी आजदेखि चरा होऊ भनी श्राप दिन्छन्। त्यही दिनदेखि सामा चराको योनीमा प्रवेश गर्छे र वन-वनमा भौँतारिन थाल्छे। प्रेयसीको हालत थाहा पाएर चकेवा व्याकुल हुन पुग्छ। ऊ पनि आफ्नो शक्तिद्वारा चराको रूप धारण गर्छ र सामाको खोजीमा वनजङ्गल चहार्न थाल्छ।

बहिनी सामालाई कठोर सजायबाट मुक्त गराउनका लागि साम्बले बुबा कृष्णसँग याचना गर्छ तर लाख कोसिस गरे पनि ऊ सफल हुन सक्दैन। केही सिप नलागेपछि साम्बले प्रतिज्ञा गर्छ। जबसम्म बहिनीलाई चरा योनीबाट उद्धार गर्न सक्दैन तबसम्म आफू घर नफर्किने प्रतिज्ञा गरी कठोर तपस्या गर्न थाल्छ। उसको तपस्याबाट प्रसन्न भई भगवान् कृष्ण सामालाई श्रापबाट मुक्त गरिदिन्छन्। यसरी भाइको अथक प्रयास र साधनाका प्रभावले बहिनी सामा मानव योनीमा फर्किन्छे।

त्यसपछि सामा आफ्नो प्रेमी चकेवालाई भेट्न वृन्दावन जान्छे। सामा बृन्दावन पुग्नुअघि नै ईर्ष्यालु चुगिलाले बृन्दावनमा आगो लगाइदिन्छ। आगो लागेको कुरा भाइ साम्बले थाहा पाउँछ। उसले बृन्दावनको आगो निभाउँछ र चुगिलालाई समातेर सामाकहाँ हाजिर गराउँछ। चुगली लगाउने चुगिलासँग सामा रिसाएकी हुन्छे। ऊ दुष्ट चुगिलालाई गाली बेइज्जती गर्छे र अगुल्टोले त्यसको मुख र जुँगा पोलिदिन्छे। त्यसपछि सामा र चकेवाको बिहे हुन्छ। सामालाई घर पठाउन बिदाइ गरिन्छ।

## पर्वको विधि वा प्रक्रिया

कार्तिक महिनाको शुक्ल पक्ष पञ्चमी तिथिदेखि पूर्णिमासम्म सामा-चकेवा पर्व मनाइने भए तापनि यसको प्रारम्भ भने द्वितीया तिथिदेखि नै हुन थाल्छ। द्वितीयामा महिलाहरूले एकाबिहानै समूहमा भेला भई गोवर्धन पूजा गरी विशेष प्रकारको हस्तनिर्मित गोबरको भाँडोमा केराउको दाना (बजरी) राखी गोधन कुट्ने गर्दछन् र भाइलाई खुवाउन बजरी सङ्ग्रह गर्छन्। गोधन कुटेपछि सामा र छठको गीत गाउँदै बाँसको टोकरी र खुर्पा लिई पवित्र ठाउँको माटो लिएर उनीहरू घर फर्कन्छन्। सो माटामा छठ-खरनाको लागि ल्याइएको चोखो पानी मिसाएर चुलो र सामा बनाइन्छ।



फोटो १ : सामा चकेवाका लागि मूर्तिहरू बनाउँदै गरिएको।

सामा-चकेवाका मुर्तिहरू खरनाकै दिनदेखि विधिवत् रूपले बनाउन सुरु हुन्छ। मूर्तिहरू बनाउन माटो, बाँसको कप्टेरो, सन (जुट), जौ, कौडी, सिक्की र करजन्नी चाहिन्छ। करजन्नी एक प्रकारको लहराबाट प्राप्त हुने फल हो जसको माथिको भाग कालो र बाँकी भाग रातो हुन्छ। विभिन्न पात्रका मूर्तिहरू बनाइन्छ। त्यस्ता पात्रका नाममा बनाइने मूर्तिहरूमध्ये सामा, चकेवा, बृन्दावन, चुगिला, सतभैया, भैया बटतकनी, मयुर, वनतितिर, खरलिच, झाँझी कुकुर, मलिनिया, ढोलकिया, बजनियाँ लड्डु बेचनी, कहरिया, भरिया, चुगिलाकी पत्नी आदि मुख्य छन्। खरनाकै दिन सम्पूर्ण मूर्तिहरू बनाउन सम्भव हुँदैन। यस दिन खास गरी सामा, चकेवा, बृन्दावन र चुगिला बनाउनु चाहिँ अनिवार्य हुन्छ। मूर्ति र त्यससँग सम्बन्धित माटाका अन्य पात्र वा भाँडाकुँडा, पौती-पेटारी इत्यादि सामग्रीहरू बनाउने क्रम एघार दिनसम्म चलिरहन्छ। यो काम चेलीबेटी तथा महिलाहरूले गर्छन्।

बिचमा एउटा टुकी बाली सबै मूर्तिहरूलाई लहरै सजाएर बाँसको डालामा घरबाहिर आँगनको पवित्र ठाउँमा राखिन्छ। साँझ खाना खाइसकेपछि दिदी-बहिनीहरू आआफ्नो घरबाट टाउकामा उक्त डालो राखी बाहिर निस्कन्छन्। एक

ठाउँमा भेला भई सामूहिक स्वरमा दाजुभाइको आरोग्य, ऐश्वर्य र प्रशंसाभाव मिश्रित गीतहरू गाइन्छन् । यसमा गाइने गीतहरूको क्रम पनि विधिवत् हुन्छ । सबभन्दा पहिले घर-देउताको अराधना, वन्दना गीत, त्यसपछि दाजुभाइको दीर्घायु कामनाको गीत, त्यसपछि बृन्दावन डढाउने र निभाउने गीत अनि चुगिलाको जुँगा पोली कालो मोसो दल्ने, गाली गर्ने गीत र अन्त्यमा हास-परिहासका गीतहरू गाइन्छन् । खेलको अन्त्यमा डालाफेर खेलिन्छ जसमा दिदीबहिनीहरू वृत्ताकार घेरामा बसेर गीत गाउँदै पालैपालो साटफेर गरेर क्रमशः आफ्नो डाला अर्कोलाई दिने र अर्काको डाला आफूले लिने काम गर्छन् । खेल सकिएपछि सामालाई नयाँ धान र दूबो खाना खुवाई शीतपान गर्न आँगनमा राखिन्छ । सामालाई छोरीको रूपमा हेरिने भएकाले विसर्जन (भसान) हुनुभन्दा पाँच दिन पहिलेदेखि बिदाइ गीत गाउन सुरु हुन्छ । विसर्जनको दिन आँगनमा अरिपन बनाई सजाइन्छ । दहीचिउरा (नवान्न), सक्खरको भोग लगाइन्छ र सामाका जुठो प्रसादका रूपमा त्यसलाई खाने गरिन्छ । यसक्रममा दिदीबहिनीले दाजुभाइको गम्छामा पाँच मुट्ठी चिउरा र भुसवा राखिदिन्छन् जसलाई फाँर भर्नु भनिन्छ । दाजुभाइलाई अरिपनले सजिएको पिर्कामा बसाई मुख्य मूर्ति सामालाई खोइँछ भरिन्छ र मुख्य सामा बाहेक अन्य सबै मूर्तिलाई घुँडामा राखेर फोड्न लगाइन्छ । त्यस बापत दाजुभाइले इनाम वा बक्सिसका रूपमा दिदीबहिनीलाई यथासक्य लुगा, गहना र नगद दिने गर्दछन् अनि दिदीबहिनीले गोवर्द्धन पूजाका दिन सङ्ग्रह गरेको केराउका दाना (बजरी) आफ्ना हातले खुवाउँदै दाजुभाइलाई आरोग्य र समृद्धिको आशीर्वाद दिन्छन् । यो कार्य सम्पन्न भएपछि चुँडिएका सम्पूर्ण सामाकृतिलाई सजिएको डालामा राखी भसान गर्न अर्थात् सेलाउनका लागि लगिन्छ । भसान गर्ने दृश्य आनन्द र रमिताले भरिएको हुन्छ । पूर्णिमाको उज्यालो रातमा अगाडि-पछाडि भाइहरूको जमात रक्षकका रूपमा र दिदीबहिनीहरू समूहको बिचमा ठुलो स्वरमा बाजागाजाका साथ वियोगान्त र बटगमनी गीत गाउँदै हिँडेका हुन्छन् । यो साल कुन दिशामा भसान गर्ने भनी मुहूर्त निर्धारण गर्ने काम पात्रोले गरेको हुन्छ । त्यही दिशामा गई भसान गर्ने ठाउँको चारैतिर सबैले चार-चार ओटा मसाल गाड्छन् । जोतेको (कुँड) खेत वा खोलाको किनारमा सामालाई सेलाउँछन् र हे सामा, आगामी साल फेरि फर्की आउनू भन्दै सबै ललनाहरू उदास मन लिएर आआफ्नो घर फर्कन्छन् ।

## सामा चकेवामा सामाजिक सांस्कृतिक सौन्दर्य

सामा चकेवा मूलतः दाजुभाइ र दिदीबहिनीका बिचको आत्मीय र सुमधुर सम्बन्धलाई स्थापित गर्ने सामाजिक सांस्कृतिक पर्व हो । यस पर्वमा विवाह भएर पतिका घरमा पुगेका चेलीबेटीहरू पनि माइत फर्किन्छन् र माइती तथा



फोटो २ : सामा चकेवाका लागि मूर्तिहरू बनाउँदै गरिएको ।

साथीसँगीहरूसँग बसेर रमाइलो गर्छन् । गीत गाउँदा बहिनीका ठाउँमा आफ्नी बहिनीको, भाइका ठाउँमा आफ्नो भाइको र चुगिलाको ठाउँमा सोल्टाको नाउँ लिई गीत गाइन्छ । बहिनीलाई अप्ठ्यारो समय परेको बेला विपदबाट मुक्ति दिलाउन भाइहरू जेसुकै गर्न पनि तयार हुन्छन् भन्ने सामाजिक सन्देश दिने गरिन्छ । भाइको वीरता, उदारता र बहिनीप्रतिको निःस्वार्थ प्रेमको बखान गरिने यस पर्वमा दाजुभाइ र दिदीबहिनीका बिचमा आत्मीयता, भरोसा र सुसम्बन्धको प्रगाढता देखाइन्छ । अर्को अर्थमा हेर्ने हो भने सामा चकेवाले दाजुभाइ र दिदीबहिनीका बिचको नयाँ र भरोसायोग्य सम्बन्धमार्फत सङ्कीर्ण सामाजिक रुढिहरूलाई परिवर्तन गरी महिलाहरूको स्वतन्त्र निर्णय क्षमताको वकालत गरेको छ । सामाजिक परिबन्धका कारण महिलाले स्वतन्त्र रूपमा खुलेर आफ्नो विचार राख्न नपाउने, आफ्नो स्वेच्छाले आफ्नो जीवनप्रतिको निर्णय गर्न नपाउनेजस्ता महिला हिंसाका कुराहरूलाई यसमा प्रतिकार गरिएको हुन्छ । सामाको प्रेम सम्बन्धलाई समाजको सङ्कीर्ण रुढिवादी पितृसत्ताले अनुमोदन गरेको छैन, त्यसैले उसलाई श्राप दिइएको छ । उक्त श्रापलाई भाइ साम्बले अन्याय मानेको छ र सामाको मुक्तिका लागि सङ्घर्ष गरेको छ । सामाको मुक्ति र उसको मानवका रूपमा पुनरागमनलाई महिला मुक्तिको द्योतक मान्न सकिन्छ ।



फोटो ३ : सामा चकेवाका लागि मूर्तिहरू बनाउँदै गरिएको ।

सामा चकेवाका समस्त पात्रहरू सामाजिक परिवेशसँग गाँसिएका हुन्छन् । समाजमा असल विचार भएको मानिसलाई आदर, प्रशंसा र कुविचार भएकोलाई गाली र घृणा गर्ने गरिन्छ भन्ने कुरा सामा चकेवामा छर्लङ्ग छ । सामालाई छोरीको रूपमा हेरिने भएकोले उनलाई अत्यन्त कोमल र आदरका शब्दहरू प्रयोग गरिन्छन् । एकदिन पनि नबिराइकन एघार दिनसम्म अखण्ड रूपमा प्रत्येक रात सामा खेलिने गरिन्छ । एकदिन पनि बिराउनुको अर्थ सामा उपवास (भोकै) बस्नु हो भनिन्छ । त्यसकारण प्रत्येक दिन सामा खेली सकेपछि मूर्तिहरूलाई धान र शीतको थोपा खुवाइन्छ । सामा विदाइ हुँदा छोरीको बिदाइमा ससुराली जाँदा माइतीबाट दिइने आवश्यक घरायसी सामग्री खाट, ओछ्यान, बिछ्यौना, लत्ताकपडा, गरगहना, भाँडाकुँडा, दराज, बाकस, पौती, पेटारी लागायत सबै वस्तु माटाकै बनाई त्यसमा खाद्यान्न वस्तु (चामल, दाल, पिठो, चिउरा, गेडागुडी तथा तरकारी) समेत दिई इज्जतसाथ बिदाइ गरिन्छ ।

*आगे टेहुली आगे टेहुली सामा जाइछ ससुरा*
*किछु गहना चाही गे टेहुली*
*गढ़वाइये देब' ग टेहुली आगे टेहुली आगे टेहुली*

*सामा जाइछ ससुरा किछु पौती चाही गे टेहुली*
*डोमिनियाँ सँ बनवाइये देब' गे टेहुली*
*सामा जाइछ ससुरा सिनूर टिकुली चाही गे टेहुली*
*सिनुरिया सँ कीनि देब' गे टेहुली आगे टेहुली आगे टेहुली* (ठाकुर : सन् २०१७ : १९९) ।


फोटो ४ : सामा चकेवाका लागि मूर्तिहरू बनाउँदै गरिएको ।

गीतमा सामालाई पतिको घर पठाउने बेला आमाबाबु वा माइती पक्षले आफ्नो माया देखाउँदै विभिन्न उपहार र शृङ्गारका सामग्री दिने कुरा गरिएको छ। सामालाई यहाँ छोरीका रूपमा व्यवहार गरिएको छ। गहना, पौती, सिन्दूर, टिकुली स्त्री सौभाग्यका प्रतीकहरू हुन्। सामा चकेवा महिलाहरूको केन्द्रीयतामा मनाइने पर्व हो। यो लोकसमाजद्वारा निर्मित र प्रदर्शित कला प्रदर्शनी त हो नै साथसाथै लैङ्गिक दृष्टिले हेर्दा नारी आत्माभिव्यक्ति र आत्म-पहिचानको गहिरो दार्शनिक यात्रा पनि हो। पितृसत्तात्मक संरचनामा आधारित मैथिल समाजमा यो पर्व नारी जातिको आवाज, अस्तित्व र पहिचानलाई प्रस्तुत गर्ने माध्यम बनेको छ। यस्तो समाजमा महिलाहरू समानता र न्यायका लागि सतहमा प्रतिरोध र विद्रोह गर्ने अवसर नपाउने हुँदा उनीहरूमा जुन असन्तोष, छटपटी र व्याकुलता भरिएको हुन्छ, मूर्ति बनाउँदा, अरिपन लेख्दा, नाचगान गर्दा ती आफ्ना वेदना र अनुभूतिहरूलाई बाहिर ल्याउने अवसर प्राप्त हुन्छ। यस पर्वमा मिथकीय कथा र प्रसङ्गहरूलाई आधार बनाएर उनीहरूले आफ्ना पीडा, अन्याय, अनुभव र भावनाहरूसँग समुदायका बिचमा अरूसँग रहेर साक्षात्कार गर्न र आत्म मन्थन गर्न पाउँछन्। सौन्दर्य र आध्यात्मिकताको आवरणभित्र रहेर गीत र संवादमार्फत सामाजिक दुरवस्थाको आलोचना वा प्रतिरोध गर्छन्। आफूलाई सांस्कृतिक परम्पराका संवाहक, सर्जक र कलाकारका रूपमा अनुभव गर्छन् र समाजको एक सक्रिय सर्जकका रूपमा आफूलाई प्राप्त गर्छन्। असहज तथा प्रतिकूल परिस्थितिका कारण पैदा भएको पीडादायी मौनतालाई भङ्ग गर्न पाउनु, कलाकृतिमार्फत समाजमा आफ्नो मूल्यवत्ता र पहिचान स्थापित गर्नु तथा समूहमा रहेर उन्मुक्त भावमा प्रणालीगत दमनका विरुद्ध उत्सवमय प्रस्फुटनको अवसर पाउनु जस्ता विशेषताका कारण यो पर्व पितृसत्तात्मक समाजका नारी जातिको समग्र दार्शनिक आत्मकथा बन्न पुग्दछ।

सामा चकेवाको स्थानीयता र आञ्चलिक विशेषताले पनि यसको सामाजिक सांस्कृतिक आयामलाई दर्साउँछ। सामा गीतहरूको लय, धुन आफ्नै किसिमको हुन्छ। यो गीत अन्य समयमा नगाईकन केवल सामा पर्वकै अवसरमा मात्रै

गाइन्छ। यसमा प्रयोग हुने सम्पूर्ण कला सामग्री प्राकृतिक र कम खर्चिला हुन्छन्। यी आफ्नो वरिपरिका वातावरणबाट सहजै उपलब्ध हुन्छन्। सामाका मूर्तिहरूको स्वरूप संरचना अनौठो हुन्छ। यसमा प्राचीनताका स्पष्ट छापहरू पाइन्छन्। माटो मुछीमुछी बनाइने यी मूर्तिहरूको जिउ वा शरीर हुँदैन। पिर्का बनाई, त्यसमाथि मूर्तिका घाँटी टाँसेर अनुहार बनाइएको हुन्छ। आँखा, नाक, मुख र कानको बनावट आफ्नै किसिमको हुन्छ। मूर्तिहरूलाई मुकुट पनि लगाइएको हुन्छ। मुकुट सिँगार्न जौका दानाहरू टाँसिएको हुन्छ। मुख्य मूर्तिहरूको कपाल जुटले, मुख र ओठ कौडीले, आँखाको नानी करजन्नीले बनाइन्छ। सबै मूर्ति एकैनासको देखिने भएकाले लिङ्ग भेदका लागि पुरुष पात्रलाई जुँगा र पगडी बनाइदिने गरिन्छ। भाइ प्रतीक भएका मूर्तिहरूलाई माटाकै छाता बनाएर ओढाइन्छ। टाउकामा एक मुठो सिक्की घाँस घुसारेर बृन्दावन जङ्गललाई पनि मानवीकरण गरिएको हुन्छ अनि पात्र पात्रहरूको आकृति चराको स्वरूपमा बनाइन्छ। यी सबै मूर्तिहरू हस्तकलाद्वारा निर्मित बाँसको डालामा राखिन्छ। सामाका मूर्तिलाई रङरोगन गर्न र अरिपन बनाउन पिठारको प्रयोग गरिन्छ। प्रायः रातो रङका लागि गेउर (एक किसिमको माटो) को प्रयोग गरिन्छ। पात्र र शैली एउटै भए तापनि गाउँ, ठाउँ, जात र व्यक्तिपिच्छे यसको आकारप्रकार फरक हुन जान्छ।



फोटो ५ : सामा चकेवाका लागि बनाइएका मूर्तिहरू

सामा चकेवाका आध्यात्मिक तथा दार्शनिक पक्षहरू पनि गहिरा र अर्थपूर्ण छन्। यो पर्व दाजुभाइ र दिदीबहिनीका बिचको निस्वार्थ समर्पणको पर्व मात्रै नभएर अन्याय वा दुराचारका विरुद्ध न्याय वा सदाचारको विजयोत्सव पनि हो। दुराचारी शक्तिको प्रतीकका रूपमा रहेको चुगलालाई जुँगामा आगो लगाएर, गाली बेइज्जती गरेर दण्डित गर्ने अनि सदाचारी शक्तिको प्रतीकका रूपमा सामा र साम्बको विजयमा रमाउने काम यस पर्वमा गरिन्छ। कथाले जीवनमा आइपर्ने चुनौतीहरूको सामना गर्न धैर्य, साहस र दृढ सङ्कल्प आवश्यक छ भन्ने वैचारिक दार्शनिक शिक्षा पनि दिन्छ। प्रकृतिसँगको आत्मीयता यसमा देख्न पाइन्छ। माटाका मूर्तिहरू, प्राकृतिक स्थानीय रङरोगन, खेत वा नदीमा विसर्जन, वृन्दावनको रोमाञ्चक पर्यावरण, तृष्णा शमनका लागि गरिने ओसपान जस्ता प्रसङ्गहरूले जीवन र प्रकृतिका बिचको अन्योन्याश्रित सम्बन्धलाई देखाएका छन्। यसमा पृथ्वी, जल, अग्नि, वायु र आकाश गरी पाँच महाभूतको महत्त्व र प्राकृतिक स्रोतहरूको संरक्षणको सन्देश पनि पाइन्छ। समाजलाई नैतिक मूल्य र संस्कारतिर अभिप्रेरित गर्ने यस पर्वले इमानदारी, त्याग, करुणा, क्षमा जस्ता गुणको महत्त्व स्थापित गर्दै तथा दुष्टता, नीचता र दरिद्रताबाट दूर राख्दै नयाँ तन्नेरी पुस्तालाई नैतिक मूल्य र संस्कृतिहरू हस्तान्तरण गरेको छ। मूर्तिहरू बनाउने, त्यससँग बोलीचाली गर्दै रमाउने

र अन्त्यमा विसर्जन गरेर पुनः निमन्त्रण गर्ने प्रक्रियाले जन्म, जीवन र मृत्यु तथा पुनर्जन्मको दार्शनिक अवधारणालाई सम्झाउँछ। माटोका मूर्तिहरू माटामै मिलाउने क्रियाले जीवनको नश्वर र अनन्ततालाई देखाएको छ। पात्रहरूसँग सहभागीहरूमा पनि उमङ्ग र विषाद तथा सुख र दुःखका उतारचढावहरू दोहोरिरहन्छन्। यिनीहरूको अस्थायी अस्तित्वका बारेमा पनि कथा र क्रियाकलापहरूले प्रकाश पारेका छन्। यसरी हेर्दा लौकिक र पारलौकिक जीवनको सम्बन्ध सेतुका रूपमा सामा चकेवा पर्व र यसमा प्रयुक्त कलाकृतिहरूले मानव चेतनालाई विस्तार गर्दै यी दुईको नित्य सम्बन्धलाई देखाएको बोध हुन्छ।

सामा चकेवाले सामाजिक सांस्कृतिक अभिव्यक्तिका साथमा लैङ्गिक सम्बन्धलाई पनि महत्त्वका साथ उजागर गरेको छ। यो महिला केन्द्रित पर्व हो। यसमा गीत गाउने, मूर्तिहरू बनाउने, अरिपन बनाउने, बत्ती बाल्ने, कथा प्रस्तुत गर्ने प्रायः सबै कामहरू महिलाले नै गर्छन्। अन्तिममा मूर्तिहरू फुटाउने र सेलाउन जाँदा दिदीबहिनीको संरक्षण गर्ने काम मात्रै पुरुषले गर्छन्। मूर्तिहरू फुटाउने कामले सामालाई चराको जुनीबाट मानिसको जुनीमा ल्याउने र विवाह गरिदिने कामलाई बुझाउँछ। सामा सेलाउन लैजाँदा दिदीबहिनीहरूको सुरक्षा गर्ने कुराले विवाहपछि पनि उसको सुरक्षाप्रति दाजुभाइले जिम्मेवारी लिनुपर्छ भन्ने नैतिक जिम्मेवारीलाई दर्साउँछ। विवाहित महिलाहरूले यस अवसरमा आफ्नो माइती घरमा फर्केर गीत र कथामार्फत आफ्ना सामाजिक सांस्कृतिक सम्बन्ध र जीवन व्यवहारका अनुभवहरू बाँड्ने काम गर्छन्। नयाँ पुस्ताका बहिनीहरूले अग्रजका त्यस्ता अनुभव, अनुभूति र बुझाइहरूलाई सामाजिक, नैतिक र सांस्कृतिक शिक्षाका रूपमा ग्रहण गर्ने अवसर प्राप्त गर्छन्। मूर्ति बनाउनेदेखि गीत गाउने र खेल खेल्ने वेलाभरि गाइने गीत र गरिने कर्महरूमा सामूहिक रचनात्मकता प्रकट हुन्छ। यसबाट सामूहिक सहकारिता र एकात्मकताको अनुभव प्राप्त हुन्छ। सामा चकेवाबाट एकातिर सामाजिक सांस्कृतिक शिक्षाका साथमा उत्सवमय मनोरञ्जन र औदात्य प्राप्त हुन्छ भने अर्कातिर सांस्कृतिक, धार्मिक, आध्यात्मिक पवित्रता र सौन्दर्यबोध पनि प्राप्त हुन्छ। मिथकीय कथाकहानी, मूर्तिकलाको आकर्षण, परम्परागत नाचगान र यी सबैमा सबैको सक्रिय सहभागिताले गर्दा यो पर्व सामाजिक सांस्कृतिक सौन्दर्यको अभिव्यक्तिको मञ्च वा माध्यम बन्न पुग्छ।

## सामा चकेवामा प्रस्तुतिमूलक कलाको सौन्दर्य

प्रस्तुतिमूलक कला भनेको कलाको त्यो रूप हो जसमा दर्शकको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ र निश्चित समय र स्थानमा प्रदर्शन गरिन्छ। दर्शकको प्रत्यक्ष सहभागिता, निश्चित समय र निश्चित स्थान जस्ता विशेषता सामा चकेवा पर्वका कलाकृतिमा पनि पाइने भएकाले यो प्रस्तुतिमूलक कला हो। सांस्कृतिक जीवनयापनको एउटा अङ्गका रूपमा कलाभन्दा बढी अनुष्ठान जस्तो देखिए पनि सामा चकेवा एउटा पर्व वा अनुष्ठान मात्रै नभई अनेक कलाहरूको महोत्सव पनि हो। प्रस्तुतिमूलक कलाका रूपमा यस पर्वका बहुआयामिक स्वरूपहरू छन्।



फोटो ६ : रङरोगन र सजावट गरेर अन्तिम रूप दिइएका सामा चकेवाका मूर्तिहरू

सामा चकेवाका वेलामा गाउँका महिला तथा युवतीहरू सन्ध्याकालमा एउटा चोक, आँगन वा



फोटो ७ : रङरोगन र सजावट गरेर अन्तिम रूप दिइएका सामा चकेवाका मूर्तिहरू

निश्चित खुला ठाउँमा भेला भएर गीत गाउँछन्, कथा भन्छन् र खेल खेल्छन् । यो कलाहरूको त्यस्तो प्रत्यक्ष र सामूहिक प्रदर्शनी हो जहाँ सहभागीहरू आफैँ कलाकार र दर्शक दुवै भूमिकामा सक्रिय हुन्छन् । गोलो घेरामा उभिएर सामा चकेवाका मूर्तिहरू घुमाउने, गीतमा ताल दिने, हाउभाउ प्रदर्शन गर्ने, गीतहरूमै सवाल जबाफ गर्ने जस्ता गतिविधिले उनीहरूको सक्रियता झनै बढाउँछ । मूर्ति बनाउने, पूजा गर्ने, प्रदर्शन गर्ने र विसर्जन गर्ने कार्यहरूको निश्चित क्रम हुन्छ जो प्रस्तुतिमूलक कलाको अर्को विशेषता हो । यस अवसरमा कला र समुदायको साझा संस्कृति, परम्परा र पहिचानहरू आपसमा जोडिएर आएका हुन्छन् । मिथिला लोकसंस्कृतिकी अध्येता डेविस कोरालिका मत अनुसार अरिपन, मूर्तिकला, नाचगान र नाट्यकला गरी सामा चकेवाका मूलतः चार आयामहरू देखिन्छन् (डेविस, सन् २००५ : ६) । तीमध्ये नाचगान र नाट्यकला स्वतः प्रस्तुतिमूलक कला भइहाले, बाँकी अरिपन र मूर्तिकला पनि अनुष्ठानका रूपमा गीत नाचगान गर्दै तयार पारिने भएकाले यिनमा समेत प्रस्तुतिमूलक कलाका विशेषता मिसिएका हुन्छन् ।

सामा चकेवा खेल सुरु गर्नुअघि आँगनमा अरिपन बनाइन्छ र कलात्मक मूर्तिहरू त्यसैमा राखिन्छ । चन्द्रमाको दर्शन गरेर गीत गाउने, अन्न चढाउने र फलफूल राख्ने बेलामा पनि अरिपनको प्रयोग हुन्छ । सामा चकेवाको अन्तिम दिन मूर्तिहरू विसर्जन गर्नुअघिको अन्तिम पूजामा पनि अरिपन कोरिन्छ । यसरी सामा चकेवाका गतिविधिहरू अगाडि बढाउने क्रममा अरिपन बारम्बार बनाउनु पर्ने हुन्छ ।

सामा चकेवा खेल्नका लागि माटाका सुन्दर र प्रतीकात्मक मूर्तिहरू नाचगान र कथाका साथमा बनाइन्छन् । त्यसैले मूर्तिहरूको निर्माण प्रक्रिया नै पनि एकप्रकारले प्रस्तुतिमूलक सिर्जनात्मक अभ्यास बन्न पुग्छ । यी मूर्तिहरूले कथाका पात्रहरूका भावनात्मक अवस्था, सम्बन्ध र अन्तर्क्रियालाई सजीव तरिकाले अघि बढाउन आधार प्रदान गर्छन् । यिनीहरूको आकार, रङ र अनुहारबाट व्यक्त हुने दृश्यात्मक आकर्षण र संवेदनशीलताबाट दर्शक तथा सहभागीहरूलाई कथाको लयमा सक्रिय सहभागिता जनाउन सहयोग पुग्छ । मैथिल महिलाहरूले यी मूर्तिहरूलाई सांस्कृतिक पहिचान र सामाजिक सम्बन्धको प्रतीकका रूपमा हेर्छन् । मूर्तिलाई सुन्दर बनाएर सिँगार्ने क्रममा शास्त्रीयता र स्थानीय सौन्दर्य चेतनाको सम्मिलन हुन्छ । यिनीहरूको प्रदर्शन र प्रस्तुतीकरणसँग साङ्गीतिक गतिविधिको गहिरो सम्बन्ध हुन्छ । गीतहरूमा अभिव्यक्त भावना, हाँसो, रोदन र संवेदनशीलताले मूर्ति निर्माणको कार्यलाई जीवन्त र आनुष्ठानिक तुल्याउँछन् । मूर्ति र गीतको संयोजनले कथा वा भावको अभिव्यक्ति र श्रवण मात्रै हुँदैन बरु त्यसमा जीवन्त अनुभव र अनुभूतिहरू पनि थपिन पुग्छन् । सहभागीहरूले मूर्तिलाई सजीव मान्छन् र उनीहरूको हेरचाह र पोषण गर्छन् अनि उनीहरूसँगै खेलमा सक्रिय हुन्छन् । मूर्तिहरूको निर्माण, सजावट र प्रस्तुतिकरणका समयमा एकसाथ दृश्यात्मक सौन्दर्य र साङ्गीतिक सौन्दर्यको अनुभव हुन्छ ।

अरिपनले मूर्तिहरू राख्ने ठाउँलाई सजाउने काम मात्रै नगरेर पवित्र बनाउने काम पनि गर्दछ । यसले धार्मिक, सामाजिक

र दृश्य सौन्दर्यलाई अभिव्यक्ति दिन्छ। नाचगानले सामा चकेवाका कथाहरू प्रस्तुत गर्छन्। दाजुभाइ र दिदीबहिनीको सम्बन्ध, पारिवारिक मूल्य तथा सामाजिक कर्तव्यहरूलाई महिलाका दृष्टिकोणबाट प्रस्तुत गर्ने काम पनि नाचगानकै प्रक्रियामा साथसाथै हुन्छ। यस प्रक्रियामा गीत र कथामा भएका सामाजिक, सांस्कृतिक र आध्यात्मिक सन्देशहरू अनुभवजन्य र जीवन्त बन्छन्। सामा, चकेवा, बृन्दावन, चुगिला, सतभैया, भैया, बटतकनी, मयुर, वनतितिर, खरलिच, भ्याँभी कुकुर, मलिनिया, ढोलकिया, बजनिया, लड्डु बेचनी, कहरिया, भरिया, चुगिलाकी स्वास्नी आदि आदि पात्रहरूका कारण सामा चकेवाले लोकनाट्यको स्वरूप प्राप्त गर्दछ। यी पात्रहरूका बिचमा गीति संवादहरू हुन्छन् र मूर्तिहरूलाई कथात्मक गीतका साथमा कठपुतलीको भैँ अभिनय गराइन्छ। सामूहिक प्रदर्शन हुने भएकाले दर्शकका रूपमा गाउँका मानिसहरू रहन्छन्। यसरी हेर्दा सामा चकेवाले मिथिला क्षेत्रको लोकनाट्य वा प्रस्तुतिमूलक कलाका रूपमा आफ्नो सौन्दर्य क्षमता प्रदर्शित गरेको देखिन्छ।

## सामा चकेवामा प्रतीकात्मक सौन्दर्य

सामा चकेवामा प्रयोग हुने पात्र, गीत, मूर्ति, रङ-रेखा, अरिपन, नाट्य आदिका कारण यसको प्रतीकात्मक संरचना बहुआयामिक छ। यिनीहरूमा कुनै न कुनै किसिमले मिथिला क्षेत्रको सांस्कृतिक, सामाजिक र सौन्दर्यशास्त्रीय अर्थहरू लुकेर रहेका हुन्छन्। तिनीहरूको खोजी गर्ने काम यहाँ गरिएको छ।



फोटो ८ : रङरोगन र सजावट गरेर अन्तिम रूप दिइएका सामा चकेवाका मूर्तिहरू

सामा कृष्णकी छोरी हो जसलाई सामा चकेवा पर्वमा निष्पाप, निर्दोष, स्वतन्त्र तर पीडित नारीको प्रतीक मानिएको छ। उसलाई कथामा वियोग, अन्याय, सङ्घर्ष र अन्ततः पुनर्स्थापना भएकी पात्रका रूपमा देखाइएको छ। ऊ मैथिल नारीहरूको मानसिक अवस्थाकी प्रतिनिधि पनि हो। उसलाई दिदीबहिनी र उनीहरूको स्वतन्त्रताप्रेमी अन्तस्करणको प्रतीक मानिएको छ। ऊ स्वतन्त्रताकी प्रतिमूर्ति पनि हो। सामाजिक पारिवारिक मूल्यमान्यताका विपरीत विवाहपूर्व नै चकेवालाई उसले प्रेमीका रूपमा चयन गरेकी छ र त्यसबापत पितृसत्ताको प्रतिनिधि कृष्णबाट श्राप वा सजाय पनि भोगेकी छ। आफ्ना लागि आफैँले पति खोज्ने स्वयंवरको परम्परा मिथिलामा नौलो चाहिँ होइन। राजा जनकका समयमा माता जानकीले स्वयंवर गरेकी थिइन्। सामाले चकेवालाई प्रेमी बनाएर उही प्राचीन परम्पराको अनुसरण गरेकी छन्। पितृसत्ताको प्रभुत्व रहेको आजको मैथिल समाजमा सामाले पितृसत्तासँग विद्रोह गर्ने र लैङ्गिक स्वतन्त्रता तथा अधिकारको खोजी गर्ने परिवर्तनशील महिलाको प्रतिनिधित्व गर्छे। ऊ मैथिल महिलाका आकाङ्क्षा, रहर र सपनाहरूकी प्रतिमूर्ति हो :

*सामा हे, चकेवा हे, नहिरा नहि बिसरेह' हे, ससुरा मे पूजा पइह' हे*
*कोरल खेत मे रहिह' हे, जोतल खेत मे रहिह' हे*
*रंगे रंग पटिया ओछाबिह' हे, ढेपा फोडी-फोडी खैह' हे, ओस पी पी रहिह' हे*
*हमर भाइ के आसिस दीह' हे, अगिला साल फेर अइह' हे* (ठाकुर, सन् २०१७ : २०१)।



फोटो ९ : रङरोगन र सजावट गरेर अन्तिम रूप दिइएका सामा चकेवाका मूर्तिहरू

अन्तिम दिन नदी वा खेतमा पर्वको विसर्जन गर्ने समयमा गाइने यस गीतले सामालाई पतिको घरमा पूजा पाउन भन्छ तर माइतीलाई पनि नबिर्स भन्न छोड्दैन। यहाँ पूजाको अर्थ सम्मानित जीवन हो। हरियो र जोतिएको खेतमा बस भन्छ। यसको अर्थ हरियाली र मेहनतका बिचमा रमाऊ भनेको हो। यस्तो खेत सम्पन्नता, उर्वरता र सिर्जनशीलताको प्रतीक पनि हो। गीतमा रङ्गीन चटाईमा बस, मिठा कुरा खाऊ, शीत वा ओस पिऊ भनेर प्राकृतिक रूपमै रमाइलो, सुखी, समृद्ध र सन्तोषपूर्ण जीवनको कामना गरिएको छ। जाने वेलामा दाजुभाइलाई आशीर्वाद देऊ भनिएको छ र अर्को वर्ष फेरि आउनका लागि अनुरोध गरिएको छ। यसरी हेर्दा गीतले केवल धार्मिक वा सांस्कृतिक मात्र नभई, भावनात्मक सम्बन्ध, पारिवारिक प्रेम, सास्कृतिक मूल्य र परम्परागत जीवनशैलीको प्रतिबिम्बन पनि गरेको छ। चेलीबेटीका रूपमा महिलाप्रति सम्मान, प्रेम र अनुराग देखाएको छ। साम्ब नयाँ पुस्ताको प्रतिनिधि हो। प्रेम सम्बन्धलाई लिएर ऊ आफ्ना बाबु कृष्ण जस्तो सङ्कुचित र पितृसत्तात्मक सोचको छैन। ऊ प्रेम सम्बन्धको पक्षमा छ र बाबुका कारण बहिनीमाथि अन्याय भएको महसुस गर्छ अनि बहिनीलाई न्याय दिलाउनका लागि पुरानो पुस्तासँग सङ्घर्ष गरी विजय प्राप्त गर्छ। साम्ब मिथिला क्षेत्रमा माइती वा दाजुभाइको प्रतिनिधि हो। ऊ सामाजिक सुरक्षा, स्नेह र आधुनिक नयाँ चेतनाको प्रतीक पनि हो। कृष्ण परम्परागत सामाजिक मूल्यमान्यताको प्रतीक हो भने चकेवा प्रेम र पतिको प्रतीक हो।

चुगिला समाजका कुरौटे र चुक्लीवाजहरूको प्रतिनिधि पात्र हो। अरूलाई नचाहिँदो कुरा लगाएर आपसमा झगडा र वैमनस्य पैदा गर्ने खलपात्रका रूपमा सामा चकेवामा उसको चित्रण गरिन्छ र उसको मुख तथा जुँगामा आगो लगाएर त्यसलाई सजाय दिइन्छ। ऊ समाजका नकारात्मक प्रवृत्ति र चुनौतीहरूको प्रतीक हो। उसले समाजमा भ्रम छेरेर द्वन्द्वको स्थिति पैदा गरिदिएको मात्रै छैन, असल मानिसहरूलाई दुःख पनि दिएको छ। उसकै कारण सामा र चकेवाहरूले अन्याय भोग्नु परेको छ। ऊ सामाजिक उन्नयनको बाधकका रूपमा चित्रित छ। यसर्थ ऊ स्वस्थ समाज निर्माणका लागि बाधा वा चुनौती पनि हो। त्यसैले सामा चकेवामा उसलाई गाली गरिन्छ, जुँगामा आगो लगाइन्छ र उसलाई सजाय दिएर, उसको उपहास गरेर मनोरञ्जन लिइन्छ :

*चाउर-चाउर-चाउर*
*हमरा भाइ कोठी चाउर*
*छाउर-छाउर-छाउर*
*चुगला घर मे छाउर*
*चुगला करै चुगली*
*बिलैया करै म्याउँ* (ठाकुर, सन् २०१७ : १९७ ) ।

भाइको कोठीमा भएको चामल यहाँ शुद्धता, सच्चाइ र सम्पन्नताको प्रतीक हो भने चुगलाको घरमा भएको खरानी विपन्नता र सर्वनाशको सङ्केतक हो । त्यस्तै चुगलाको बोलीवचन म्याउँ गर्ने बिरालाको जस्तो हुन्छ भनेर मिठा शब्द बोलेर विनाशको दिशातिर लैजाने खराब चरित्रको निन्दा गरिएको छ। जुँगामा आगो लगाउनु सजायको प्रतीक हो ।


फोटो १० : रङरोगन र सजावट गरेर अन्तिम रूप दिइएका सामा चकेवाका मूर्तिहरू

वृन्दावनले सामा चकेवामा मानवीयता र पाशविकताका बिच निरन्तर सङ्घर्ष चलिरहने जीवन्त समाजको प्रतीकका रूपमा काम गर्छ। सामा र चकेवाको प्रेम सम्बन्धले यहीँ विकसित हुने अवसर पाउँछ भने दुष्ट पात्र चुगलाले पनि ईर्ष्याका कारण यहीँ सजाय भोग्छ। यसलाई मानवीयताका दृष्टिले प्रेम र रोमान्सको, पवित्रता र शुद्धताको, प्रफुल्लता र आनन्दको, प्रकृति र उर्वरताको तथा धार्मिक सांस्कृतिक निरन्तरताको प्रतीक मानिन्छ। अर्को अर्थमा हेर्ने हो भने यो गाउँ वा वस्तीको प्रतीक पनि हो। यहाँ प्रेमी मात्र होइन, बाघ, डाइनो र गिद्धहरू पनि रहेका हुन्छन् । बाघले हिंसा, आक्रामकता तथा सामाजिक प्राकृतिक खतराहरूलाई बुझाउँछ भने डाइनोले अतीतका डर र सामाजिक खतराहरूलाई जनाउँछ। गिद्धले अन्याय र लोभको द्योतन गर्दछ। यी र यस्ता सबै खाले सकारात्मक-नकारात्मक तत्त्वहरूको निवास वृन्दावनरूपी समाजमा हुन्छ । वृन्दावनको निर्माणमा बाँस, माटो, फूल, पात आदि प्राकृतिक वस्तुहरूको प्रयोग हुने भएकाले यसले कृषिप्रधान समाज र त्यहाँको पर्यावरणीय सन्तुलनको पनि सङ्केत गर्छ ।

सामा चकेवामा निर्मित मूर्तिहरू धार्मिक विश्वास, सामाजिक संरचना, स्थानीय पारिस्थितिक ज्ञान र आध्यात्मिक दर्शनलाई समग्रतामा जोडेर मानव, प्रकृति र दिव्यताका बिचको अटुट सम्बन्धका बहुआयामिक प्रतीकका रूपमा रहेका हुन्छन् । मूर्ति बनाउनका लागि उब्जाउ र लेसिलो माटाको प्रयोग गरिन्छ । मुछ्नका लागि गोबर, दही र गङ्गाजल मिलाएर त्यसलाई पवित्र र जीवनशक्तियुक्त तुल्याइन्छ । बाँसका टुक्रालाई जीवन ढाँचाको प्रतीकका रूपमा राखेर त्यसमाथि पवित्र र जीवनशक्तियुक्त उर्वर माटोबाट बनाइने मूर्तिहरूमा स्थानीय स्रोतमा उपलब्ध रातो गेडा, बेसा, विभिन्न फूल तथा चामलको पिठोबाट रङ बनाएर त्यसैको प्रयोग गरिन्छ।



फोटो ११ : रङरोगन र सजावट गरेर अन्तिम रूप दिइएका सामा चकेवाका मूर्तिहरू

सामाको मूर्तिमा करुणाको भाव झल्काउन आँखाहरू ठुला बनाइन्छन् भने विनम्रताको भाव सम्प्रेषणका लागि सानो मुख र सौन्दर्यको प्रतीकस्वरूप लामो कपाल बनाइन्छ। मूर्तिबाट समग्रतामा शान्ति र धैर्यको उदात्त भाव प्रकट हुन्छ। मूर्तिलाई रातो वा पहेँलो रङको साडी, चोली, ओढनी आदि वस्त्रहरू लगाएर सजाइन्छ। कालो र सेतो रङको प्रयोग पनि यसमा गरिन्छ। रङहरूको प्रयोगमा पनि प्रतीकात्मकता पाइन्छ। मृत्यु, शोक र तान्त्रिक शक्ति आदिको प्रतीकका रूपमा कालो रङको प्रयोग गरिन्छ भने त्यसका विपरीत शुद्धता, शान्ति र पुनर्जन्मको प्रतीकका रूपमा सेतो रङको प्रयोग हुन्छ। रातो रङले जीवनशक्ति, विवाह र समृद्धिलाई जनाउँछ। पहेँलो रङले ज्ञान, पवित्रता र शुभलाई द्योतन गर्छ। सामाको मूर्तिले अनेक अर्थहरू प्रतिपादन गर्छ जसमध्ये एउटा अर्थ चाहिँ मैथिल लोकविश्वासमा विद्यमान पुनर्जन्मको अर्थ पनि हो। यहाँ प्रयोग भएको कालो रङले मृत्युको कठोर वास्तविकतालाई र अर्को वर्ष पनि आउन भनी गरिएको आह्वानले पुनर्जन्मलाई बुझाउँछन्।

पुरुष पात्रहरूको मूर्ति बनाउँदा पहिरनमा सोही अनुसार ध्यान दिइन्छ। जुँगा, पगरी आदि बनाइन्छ। हाँसको मूर्ति सेतो वा पहेँलो रङमा बनाइन्छ, उसको चुचामा पहेँलो कलमको टुप्पो हुन्छ जहाँ हाँस सामा र चकेवाका बिचको प्रेमको सन्देशवाहकको प्रतीक हो। ब्रह्माको वाहनका रूपमा मानिएको हाँस ज्ञान र सृष्टिको प्रतीक पनि हो। त्यस्तै जीवनको प्रतीकका रूपमा माछा, दीर्घायुको प्रतीकका रूपमा कछुवा, समृद्धिको प्रतीकका रूपमा धानको बाला, हिंसाको प्रतीकका रूपमा बाघ, सहयोगीको प्रतीकका रूपमा कुकुर, शुद्धताको प्रतीकका रूपमा कमल तथा प्रकृति र पर्यावरणको प्रतीकका रूपमा अनेक चराहरूको प्रयोग सामा चकेवामा गरिन्छ।

सामा-चकेवा मिथिला सभ्यताको दृश्य संस्कृतिको एउटा जीवन्त नमुना हो। यस पर्वमा प्रयोग हुने प्रत्येक रङ, खिचिने प्रत्येक रेखा, दिइने प्रत्येक आकार र बनाइने प्रत्येक आकृतिले मिथिला समाजको सामूहिक चेतना, दार्शनिक चिन्तन र सामाजिक संरचनालाई दृश्य रूपमा अभिव्यक्त गरेको हुन्छ। मूर्तिहरूमा प्रयोग हुने सिन्दूरको रातो रङलाई मैथिल परम्परामा तेजस्वी र जीवनदायी रङका रूपमा प्रयोग गरिन्छ। यो प्रेम र समर्पणको प्रतीक पनि हो। त्यस्तै बेसारको पहेँलो रङले पीताम्बरको आध्यात्मिकता र शुद्धताको द्योतन गरेको हुन्छ। मैथिल संस्कृतिमा यो रङ ज्ञान र पवित्रताका साथै सत्सङ्गको प्रतीक हो। दार्शनिक अर्थमा यसले व्यक्तित्वको बाह्य र आन्तरिक उज्ज्वलता र सकारात्मकतालाई दर्साउँछ। आयुर्वेदका दृष्टिले हेर्दा बेसारको पहेँलो रङले परिवारको सुस्वास्थ्य र दीर्घायुको अर्थ बोकेको देखिन्छ। हरियो रङले कृषि, पर्यावरण र समृद्धिलाई झल्काउँछ। यसले मिथिलाको उत्पादनकेन्द्री सभ्यतालाई प्रतिनिधित्व गरेको छ। मूर्तिमा प्रयोग गरिने यस रङले भाइको मानसिक शान्ति र भावनात्मक सन्तुलनलाई देखाएको छ। मैथिल दर्शन

परम्परामा निलो रङले एकातिर अनन्तता र आध्यात्मिक विस्तारको सङ्केत गर्छ भने अर्कातिर शोक र दुःखको भावलाई अभिव्यक्त गर्छ। त्यसैले मूर्तिहरूमा प्रयोग हुने निलो रङले एकातिर भाइप्रतिको बौद्धिक आध्यात्मिक विस्तारको आकाङ्क्षा प्रतिनिधित्व गरेको हुन्छ भने अर्कातिर जीवनमा आउने सुख-दुःख, आशा-निराशा तथा सीमा र विस्तारको द्वैधतालाई बुझाएको हुन्छ। यस अर्थमा यसलाई मिथिलाको मध्यम मार्गी दर्शनको दृश्यात्मकता भन्न सकिन्छ। सेतो रङ सामा चकेवाको मूर्तिमा पाइने आधारभूत रङ हो जसले शुद्ध आधारको दार्शनिकतालाई दृश्य रूप दिएको छ। यो रङ मैथिल मूल्यको आत्माका रूपमा रहेको नैतिक आदर्श र चारित्रिक पवित्रताको प्रतीक हो।


फोटो १२ : सामा चकेवा खेल्दै गर्दाको तस्बिर

सामा चकेवाका मूर्तिहरूमा मोटा र मसिना गरी दुई किसिमका रेखाहरूको प्रयोग गरिन्छ। मोटा रेखाहरूले मिथिला संस्कृतिमा विद्यमान सामाजिक नैतिक मर्यादाहरूको कठोरतालाई प्रस्तुत गरेका छन्। यिनले मानिसलाई आफ्नो सीमा र मर्यादाको उल्लङ्घनबाट बची सुरक्षित रहन सजग गराउँछन्। यस अर्थमा यिनले सामाजिक नैतिक मूल्यहरूबाट प्राप्त हुने भावनात्मक सुरक्षाको प्रत्याभूति दिन्छन्। मसिना रेखाहरूले धैर्य र समर्पण सिकाउँछन्। सामा चकेवा परम्परागत रूपमा ज्ञान पुस्तान्तरणको माध्यम पनि भएकाले मसिना रेखाहरू कोर्ने क्रममा महिलाहरूले एकातिर लगन, एकाग्रता, सूक्ष्म नियन्त्रण र अनुशासनको पाठ सिक्छन् भने अर्कातिर उनीहरूले सोही रेखामार्फत गैरशाब्दिक सञ्चार प्रणालीका माध्यमबाट कलात्मक अभिव्यक्तिको अवसर पनि प्राप्त गर्दछन्। मिथिला दर्शन परम्परामा जीवनलाई सोझो र सरल प्रक्रिया मानिएको छैन। मोटा वा मसिना देखिने वक्राकार रेखाहरूले जीवनको गतिशीलता, उचारचढाव, अनिश्चितता र परिवर्तनशीलतालाई देखाउँछन्। भावनात्मक जगत् पनि सोझो र सरल नभई दुःख-सुख, उत्साह-निरासा, आँसु-हाँसोयुक्त वक्राकार नै हुने भएकाले यस्ता रेखाहरूबाट उतार-चढावयुक्त संवेगात्मक सौन्दर्यले पनि अभिव्यक्ति पाएको हुन्छ। त्यस्तै मूर्तिमा प्रयोग भएका समानान्तर दोहोरो रेखाहरूले दिदीभाइका बिचको कहिल्यै सँगै नहुने तर फेरि कहिल्यै एक-अर्काबाट नछुट्ने, नटाढिने भावनात्मक सम्बन्धलाई देखाएका हुन्छन्। कहिल्यै अन्त्य नहुने यी समानान्तर रेखाहरू दिदीभाइका बिचको सम्बन्धको निरन्तरताका प्रतीक हुन्।

सामा चकेवामा प्रयोग हुने आकार र आकृतिहरू पनि प्रतीकात्मक अर्थसहितका छन्। पक्षीका फैलिएका पखेटाहरूले पितृसत्ता र पारिवारिक बोझबाट मुक्त भई स्वच्छन्द उडानको आभ्यान्तरिक आकाङ्क्षालाई आकार दिएका छन्। यो एक अर्थमा आध्यात्मिक मुक्तिको अपेक्षा हो भने अर्कातिर पितृसत्तासँगको प्रतिरोध र लैङ्गिक स्वतन्त्रताको सूक्ष्म र गूढ अभिव्यक्ति पनि हो। गोलाकार ठुला आँखाहरू सबै कुरा देख्न सक्ने पूर्णता र दूरदृष्टिका प्रतीक हुन्। यस्ता आँखाले प्रेम, चिन्ता, करुणा आदि मनोभावहरूलाई व्यक्त गर्ने भएकाले मूर्तिमा भएका यस्ता आँखामा दिदीभाइका बिचमा सम्पूर्ण भावनात्मक संसार अटाएको विश्वास गरिन्छ। मूर्तिका अण्डाकार शरीरले प्रजननशीलता र निरन्तरतालाई

बुझाउँछन् । यसले मिथिला समाजमा रहेको पारिवारिक निरन्तरताको गहिरो विश्वासलाई देखाउँछ । त्रिकोणाकार पुच्छरका तीन कोणले ब्रह्मा, विष्णु र महेश्वर गरी त्रिदेव तथा सृष्टि, लालनपालन र संहारको चक्रलाई बुझाउँछन् । यसरी हेर्दा सामा चकेवाको दृश्यात्मक आयाम निकै जटिल, गम्भीर र विस्तारित अर्थले समृद्ध देखिन्छ ।

दृश्यात्मकतामा मात्रै होइन सामा चकेवामा गाइने गीतका शब्दमा पनि प्रतीकात्मक सन्दर्भ र सङ्केतहरू प्रशस्तै पाइन्छन् । वृन्दावनमा लागेको आगो सङ्कट, पीडा, समस्या, विपत्ति आदिको प्रतीक हो । गीतका अनुसार उक्त आगोलाई दाइ साम्बले निभाइदिएको छ :

*वृन्दावन में आगि लागलै*
*किओने मिझाबए हे*
*हमरो से फलाँ भइया*
*अगिया मिझाबए हे* (ठाकुर, सन् २०१७ : १९८) ।

चेलीको घरमा पनि समस्याहरू आइपर्छन् । गीतमा माइतीका दाजुभाइलाई समस्या समाधान गर्ने र रक्षा गर्ने पात्रको रूपमा चित्रण गरिएको छ । चेलीबेटी विवाह गरेर पतिघर गइसकेपछि पनि माइतीको भूमिका र आश्रय बाँकी देखिन्छ जो मैथिल समाजको विशेषता पनि हो । अरिपन सामा चकेवाको एउटा महत्त्वपूर्ण कला-हिस्सा हो । पूजा, पर्व, शुभ कार्य, संस्कार आदिका अवसरमा भुइँमा लेखिने यस लोककलाले मिथिलाको धार्मिक, सांस्कृतिक र सामाजिक जीवनलाई अभिव्यक्ति दिन्छ । अनुष्ठान हुँदाहुँदै पनि यसमा रेखा, आकृति, रूप, रङ र प्रतीकहरूको त्यस्तो विचित्र संयोजन पाइन्छ जसले यसलाई सौन्दर्यात्मक र अभिव्यक्तिमूलक बनाएको छ जो कलाको विशेषता हो । यही विशेषताले सामा चकेवालाई शिल्प सौन्दर्ययुक्त कलाका रूपमा विश्वका सामु प्रतिष्ठित तुल्याएको छ । सामा चकेवाको शिल्प सौन्दर्य यसको संरचना र रचना विधानबाट झल्किन्छ । साधारण रेखा, वृत्तहरू, त्रिकोण र मण्डलहरूको प्रयोग गरी यसमा जटिल आकृतिहरूको रचना गरिन्छ । आकृतिहरूमा राखिएका पङ्खुडी, कमल, सूर्य, सर्प, बास, माछा आदि अनेकौँ प्राकृतिक प्रतीकहरूले यसलाई अर्थयुक्त र लयात्मक बनाएका हुन्छन् । यसमा लय, आवृत्ति, सममिति जस्ता दृश्यात्मक सौन्दर्यका उपकरणहरूको सन्तुलित योग पाइन्छ जसले यसलाई सौन्दर्यात्मक आयाम प्रदान गरेको हुन्छ । रङको प्रयोग अरिपनको अर्को सौन्दर्यात्मक पाटो हो । परम्परागत रूपमा चामलको पिठो, बेसार, सिन्दूर आदि प्राकृतिक स्रोतका रङहरू केवल सजावटका लागि नभई प्रतीकात्मक अर्थका लागि प्रयोग भएका हुन्छन् । यिनले अभिव्यक्तिको सामर्थ्य राख्छन् । रङहरूको प्रतीकात्मक अभिव्यक्ति सामर्थ्यले यस कलालाई भावनात्मक र आध्यात्मिक स्तरमा समृद्ध बनाएका छन् । त्यसै गरी रेखा र तानको संयोजन पनि यस कलाकृक्तिको सौन्दर्यात्मक आयामसँग सम्बन्धित अर्को आधार बनेको पाइन्छ । सोझा, वक्र तथा आलङ्कारिक रेखाहरूले यसको सौन्दर्य क्षमतालाई उजागर गर्छन् । प्रतीकात्मक विम्ब र आयुको क्षणभङ्गुरता अरिपनका थप सौन्दर्यात्मक पक्षहरू हुन् । प्रतीकहरू आफैंमा कलात्मक अभिव्यक्तिका साधन हुन् । कमल, सूर्य, चन्द्र जस्ता प्राकृतिक विम्बहरूका साथमा त्रिभुज, वृत्त आदि ज्यामितीय विम्बहरूको सन्तुलित योग अरिपनमा पाइन्छ । भुइँमा बनाइने हुनाले परम्परागत अरिपनमा यी विम्बहरूलाई लामो समयसम्म जोगाइराख्न सकिँदैन । यी क्षणभङ्गुर छन् । खेलैखेलमा बन्नु र केही समयमा विलीन हुनुमा जुन दार्शनिक सौन्दर्य निहित छ, त्यो अरिपनमा पाइन्छ । यसका अतिरिक्त ग्रामीण परिवेशमा गाईको गोबर र हिलो माटाको प्राकृतिक सुवास, रचनाप्रक्रियामा देखिने सरलताभित्रको जटिलता, तान्त्रिकता र रहस्यमयता, शास्त्रीयता र स्थानीयताका बिचमा पैदा भएको मौलिकता, रचना विधानको लचकता र खुकुलोपना, सामूहिकता, महिलाहरूद्वारा मन्त्र र गीतहरूका साथमा लेख्दा प्राप्त हुने रसात्मकता, उत्सवीय र अनुष्ठानमय वातावरणको उमङ्ग जस्ता अभिलक्षणहरूले अरिपन कलालाई थप सौन्दर्य प्रदान गरेका हुन्छन् ।

सामा चकेवा पर्व आफैँमा पनि दाजुभाइ र दिदीबहिनीका बिचको सुमधुर सम्बन्ध, सामाजिक सद्भावसहितको परिवर्तन र पारिवारिक जिम्मेवारीबोधको प्रतीक हो । यसले एकातिर नयाँ पुस्तालाई परम्परागत धार्मिक सांस्कृतिक चेतनाबाट समृद्ध गर्छ भने अर्कातिर पुरानो पुस्तालाई नवीन चेतनाप्रति संवेदनशील हुन अभिप्रेरित गर्छ ।

## निष्कर्ष

मिथिला क्षेत्रको सांस्कृतिक जीवनमा गहिरो रूपमा जरा गाडेको सामा चकेवा परम्परा विशेष गरी महिलाहरूको सहभागिता रहने प्रस्तुतिमूलक लोककलाको एक विशिष्ट स्वरूप हो । यसले मिथिलाञ्चलको सामाजिक, सांस्कृतिक र सौन्दर्य चेतनालाई मूर्त तथा अमूर्त माध्यमबाट अभिव्यक्त गरेको छ । अनुसन्धानले के देखाउँछ भने सामा चकेवा मिथिला समाजमा महिला अभिव्यक्तिको एउटा सशक्त माध्यम मात्र नभई सांस्कृतिक पहिचान, सामूहिकता र सौन्दर्य चेतनाको जीवित परम्परा पनि हो । अनुष्ठान र प्रस्तुतिमूलक कलाको समागम यसमा पाइन्छ । यसमा प्रयोग हुने मूर्ति, रङ, चित्र तथा गीतहरू प्रतीकात्मक भावार्थ र सौन्दर्य चेतनाले युक्त छन् जो हिन्दु धर्मका मूल्यहरूबाट परिपोषित छन् । माटाका मूर्तिहरू बनाउने प्रक्रियामा मैथिल नारीहरूको सिर्जनात्मकता, पर्वमा गाइने गीतहरूमा अभिव्यक्त भावना र कलाकृतिमा निहित प्रतीकहरूमार्फत व्यक्त हुने आध्यात्मिक दार्शनिक अर्थले सामा चकेवालाई जीवन्त कलाका रूपमा स्थापित गर्दछ । हिन्दुपरम्परा अनुकूलको पारिवारिक, नैतिक, सामाजिक, सांस्कृतिक र धार्मिक आध्यात्मिक शिक्षालाई पुस्तागत हस्तान्तरण गर्ने काम यसले गरेको छ ।

## सन्दर्भ सामग्री सूची

चौधरी, लक्ष्मी (२०८० मङ्सिर ३). सामाचखेवा खेलिँदै. *गोरखापत्र अनलाइन.* https://gorkhapatraonline.com/news/85900

चौधरी, हिमांशु (२०७६ कार्तिक १३). यस्तो छ सामा–चकेवा पर्वको पौराणिक कथा र महत्त्व. *अनलाइन खबर.* https://www.onlinekhabar.com/2019/10/807175

ठाकुर, दीप नारायण. (सन् २०१७). *मिथिलाक सांस्कृतिक अनुशीलन.* नयी दिल्ली : संस्कृति मंत्रालय ।

डेभिस, कोरलिन (सन् २००५). "'Listen, Rama's Wife!': Maithil Women's Perspectives and Practices in the Festival of Sama- Cakeva." Asian Folklore Studies 64(1) P. 1-38

भ्रमर, रामभरोस कापडि (२०८० मङ्सिर १) लोकनिष्ठाको पर्व सामाचकेवा. *नागरिक दैनिक.* https://nagariknews.nagariknetwork.com/arts/1351331-1700272029.html

राकेश, रामदयाल. (२०४६) सामा चकेवा. *नेपाली संस्कृति.* ५(३), पृ. १-४ ।

रासस (२०८१ कार्तिक २१). सामा–चकेवा : दाजुभाइ र दिदीबहिनीबिचको प्रेम र भ्रातृत्वको उत्सव. *शिलापत्र.* https://shilapatra.com/detail/148057